# 'अप्रिल फुल' उपन्यासको शैलीवैज्ञानिक अध्ययन


सबिन घिमिरे

परीक्षा क्रमाङ्क : ७२२८१०१

त्रि.वि. दर्ता क्रमाङ्क : ९-२-०६३१-०२३३-२०११


त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग

अन्तर्गत स्नातकोत्तर तह चौंथो सत्रको (नेपा.शि. ५४४)

पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत

**शोधपत्र**


शिक्षाशास्त्र केन्द्रीय विभाग

नेपाली भाषा शिक्षा विभाग

त्रि.वि., कीर्तिपुर


२०७६/२०१९


'अप्रिल फुल' उपन्यासको शैलीवैज्ञानिक अध्ययन


९८/०७६


सबिन घिमिरे

## प्रतिबद्धता पत्र

प्रस्तुत शोधपत्रभित्रका सामग्रीहरू नितान्त मौलिक हुन् । यसमा प्रयोग गरिएका सामग्रीहरू अन्यत्र कहीँबाट साभार गरिएका छैनन् । प्रयोग गरिएका ठाउँमा आवश्यकताअनुसार स्रोत खुलाएर वाक्यांश तथा वाक्यहरू साभार गरिएको छ । यस शोधपत्रका अंश अन्य प्रयोजनका लागि उपयोग र प्रकाशनमा आएका छैनन् । अतः यो शोधपत्र नितान्त मौलिक भएको प्रतिबद्धता व्यक्त गर्दछु ।

.......................

शोधार्थी

सविन घिमिरे

मिति : २०७६/०५/१०

# शोधनिर्देशकको सिफारिसपत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तह चौथो सत्रका छात्र सविन घिमिरेले नेपाली विषय विशिष्टीकरणको पाठ्यांश ५४४ को आवश्यकता पूर्तिका निम्ति 'अप्रिल फुल उपन्यासको शैलीवैज्ञानिक अध्ययन' शीर्षकको शोधपत्र मेरो निर्देशनमा रहेर तयार पार्नुभएको हो । निकै परिश्रमपूर्वक तयार पारिएको यो शोधकार्यबाट म पूर्णतः सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

................................
प्रा.डा. राजेन्द्रप्रसाद पौडेल
शोधनिर्देशक
शिक्षाशास्त्र सङ्काय
नेपाली भाषा शिक्षा विभाग
त्रि.वि., कीर्तिपुर

मिति : २०७६/०७/१५
Nov. 1, 2019

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह चौथो सत्रको नेपा.शि. ५४४ पाठ्यांशको आवश्यकता पूर्तिका लागि छात्र सविन घिमिरेद्वारा 'अप्रिल फुल उपन्यासको शैलीवैज्ञानिक अध्ययन' शीर्षकमा तयार गरिएको यो शोधपत्र स्नातकोत्तर उपाधिका  लागि उचित ठहरिएकाले स्वीकृति प्रदान गरिएको छ ।

### शोध मूल्याङ्कन समिति

१. प्रा.डा. रामप्रसाद भट्टराई (विभागीय प्रमुख) .........................

२. प्रा.डा. राजेन्द्रप्रसाद पौडेल (शोधनिर्देशक) .........................

३. प्रा.डा. ऋषिराम शर्मा (शोधविशेषज्ञ) ..........................

मिति : २०७६/०७/२८

Nov. 14, 2019

# कृतज्ञताज्ञापन

शोधकार्य एक गहन र सम्बेदनशील कार्य हो । शोधकार्य सम्पन्न गर्नका लागि कठोर परिश्रम र धैर्यको आवश्यकता पर्ने कुराको अनुभव यस शोधकार्यका क्रममा भएको छ । प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह एम.एड.चौथो सेमेष्टरको (नेपा. शि. ५४४) को प्रयोजनका लागि आदरणीय गुरु प्रा.डा राजेन्द्र प्रसाद पौडेल ज्यूको कुशल निर्देशनमा तयार गरेको हुँ । शोधपत्र लेखनका क्रममा शीर्षक चयनदेखि शोधपत्रलाई अन्तिम स्वरूप दिने अवधि सम्म आवश्यक सुझाव दिई निर्देशन प्रदान गर्नुहुने आदरणीय गुरु प्रा.डा राजेन्द्रप्रसाद पौडेल प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । प्रस्तुत शोधपत्रको शीर्षक चयन गरी आवश्यक सल्लाह सुझाव प्रदान गर्नुहुने विभागीय प्रमुख प्रा.डा. रामप्रसाद भट्टराई तथा शोधपत्र लेखनमा आवश्यक सहयोग, उत्प्रेरणा र हौसला प्रदान गर्नुहुने उपप्रा डा. राजेन्द्र खनाल, उपप्रा मुरलीधर घिमिरे, सह.प्रा. रविकिरण अधिकारी (सहायक डिन) ज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यस शोधपत्र तयार पार्नका लागि आवश्यक सामग्री उपलब्ध गराइदिने त्रि.वि. केन्द्रीय पुस्तकालय एवम् सहयोग गर्नु हुने महानुभाव लगायत संस्थाप्रति हार्दिक आभार व्यक्त गर्दछु । यस अनुसन्धान कार्यसम्म हरपल हौसला र प्रेरणा दिई सहयोग गर्नुहुने मेरा माता पिता राधा घिमिरे र विनोद प्रसाद उपाध्यायप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । साथै दाइ समीर घिमिरेप्रति पनि कृतज्ञता व्यक्त गर्दछु । यस अध्ययनको क्रममा न्यानो साथ र सहयोग प्रदान गर्ने मेरा सहपाठी साथीहरू बालकुमारी कार्की, सूर्य पौडेल, प्रतिभा सुवेदी, सन्तोष सिंह विष्टलाई हृदयदेखि नै स्मरण गर्दछु । यस शोधपत्रलाई यथोचित समयमा टङ्कन गरिदिनुहुने 'जी' कम्प्युटर सेन्टर, कीर्तिपुरका जीतेन महर्जनप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

शोधार्थी
सबिन घिमिरे
नेपाली भाषा शिक्षा विभाग
त्रि.वि. कीर्तिपुर

# शोधसार

प्रस्तुत शोधको शीर्षक अप्रिल फूल उपन्यासको शैली वैज्ञानिक अध्ययन रहेको छ । प्रस्तुत शोधपत्र त्रिभुवन विश्व विद्यालय, शिक्षा शास्त्र सङ्काय, नेपाली भाषा केन्द्रीय विभाग, नेपाली विषय स्नातकोत्तर तह एम. एड. चौथो सेमेष्टरको पाठ्यांश नेपा. शि ५४४ को आवश्यकता परिपूर्तिका लागि तयार पारिएको हो । यो शोधकार्य अप्रिल फूल उपन्यासको शैली वैज्ञानिक अध्ययनमा केन्द्रित रहेको छ ।

प्रस्तुत शोधका उद्देश्यहरू अग्रभूमि निर्माण (विचलन र समानान्तरता) का आधारमा उपन्यासका शैलीवैज्ञानिक भाषिक विश्लेषण गर्नु, कथानकका आधारमा 'अप्रिल फुल उपन्यासको विश्लेषण गर्नु, उपन्यासको पात्रलाई शैली वैज्ञानिक आधारमा वर्गीकरण गर्नु रहेका छन् ।

प्रस्तुत शोधमा पुस्तकालयीय अध्ययन खोज, वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । तथ्याङ्क सङ्कलनका स्रोतका रूपमा अप्रिल फूल उपन्यासलाई प्रमुख सामग्री र उपन्याससँग सम्बन्धित प्रकाशित तथा अप्रकाशित पूर्व अध्ययनहरू विभिन्न पुस्तक तथा लेखहरूलाई द्वितीय सामग्रीका रूपमा लिइएको छ । प्रस्तुत शोधलाई शोध परिचय, सैद्धान्तिक अवधारणा, शोध विधि, कथानकको विश्लेषण, पात्रहरूको विश्लेषण, अग्रभूमि निर्माण, (विचलन र समानान्तरता) का आधारमा विश्लेषण र सारांश, निष्कर्ष र उपयोगिता गरी सात अध्यायमा संरचित गरिएको छ ।

प्रस्तुत अध्ययनको निष्कर्षलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

- अप्रिल फूल उपन्यास १५ परिच्छेद, २६७ पृष्ठ सङ्ख्या र १५०६ अनुच्छेदमा संरचित छ ।
- उक्त उपन्यासको कथानक आदि, मध्य र अन्त्यको शृङ्खलामा रहेको पाइदैन ।
- उपन्यासमा प्रमुख, सहायक, गौण पात्रहरूको प्रयोग गरिएको छ ।
- प्रमुख पात्रहरू शिशिर, प्रसुना, स्वस्तिका, सानी (अञ्जली), जीना हुन् भने सहायक पात्रहरू म पात्र (निर्जला थारु), प्रकाश, शर्मिला, शिशिरको बुवा,

शिशिरकी आमा, सुदिप, भट्टी साहुनी, रबिन, नमराज, आकाश, परी, रेणु, नीलम रहेका छन् ।

- गौण पात्रहरूमा सुबिन, समीर, प्रलुनाकी फुपू, मुस्कान, ट्याक्सी, बाला, मीरा, सुजता, इन्सपेक्टर, सबिना, गंगा, नीरन र अर्जुन रहेका छन् ।
- यस उपन्यासमा पात्रहरूको अधिक प्रयोग भएको छ ।
- पश्चभूमिमा रहेका सूचनालाई नवीन शैली मार्फत अगाडि प्रस्तुत गर्ने प्रक्रिया अग्रभूमि निर्माण हो । विचलन र समानान्तरता गरी यसका दुई भेद हुन् ।
- मानकको अतिक्रमण वा विपथन नै विचलन हो । विचलन अन्तर्गत कोशीय विचलन, व्याकरणिक विचलन, भाषिकागत विचलन, प्रयुक्तिगत विचलन, सादृश्य विचलन, अर्थतात्विक विचलनलाई लिइएको छ ।
- भाषाको प्रयोगमा अतिरिक्त नियमित प्रयोग नै समानान्तरता हो । यसलाई बाह्य र आन्तरिक गरी दुई भागमा बाँडिएको छ ।
- बाह्य समानान्तरता स्थूल प्रकृतिको हुन्छ र भाषाका समध्यवन्यात्मक उच्चारण वा वर्ण, रूप, शब्द, पदावली र वाक्यात्मक स्वरूपको नियमति आवृत्ति वा पुनरावृत्तिको रूपमा यो देखिन्छ भने आन्तरिक समानान्तरता सूक्ष्म प्रकृतिको हुन्छ र यसले भावार्थ वा वाच्यार्थका बीचमा आन्तरिक रूपले रहने अर्थगत सादृश्यता, नियमितता वा समानतालाई जनाउँछ । यो आर्थी तहमा अन्तनिर्हित भएर रहेको हुन्छ ।
- उपन्यासमा आन्तरिक समानान्तरताका तुलनामा बाह्य समानान्तरताको प्रयोग बढी भएको पाइन्छ ।

# विषयसूची

पृष्ठ

## अध्याय एक

## शोध परिचय


१.१ शोध शीर्षक १

१.२ प्रयोजन १

१.३ अध्ययनको पृष्ठभूमि १

१.४ समस्याकथन २

१.५ उद्देश्य ३

१.६ अध्ययनको औचित्य ३

१.७ अध्ययनको सीमाङ्कन ४

अध्याय दुई

पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

२.१ पूर्वकार्यको समीक्षा ५

२.१.१ सम्बद्ध पुस्तक समीक्षा ५

२.१.२ सम्बद्ध शोध समीक्षा ७

२.२ सैद्धान्तिक अवधारणा १०

२.२.१ शैलीविज्ञानको परिचय १०

२.२.२ शैलीविज्ञानका परिभाषाहरू ११

२.२.३ शैलीविज्ञानको प्रकार १३

२.२.३.१ सामान्य शैलीविज्ञान १३

२.२.३.२ साहित्यिक शैलीविज्ञान १४

२.२.४ शैलीवैज्ञानिक विश्लेषणका आधारहरू १४

२.२.५ शैली विश्लेषण प्रक्रिया १६

२.२.५.१ साहित्यिक संरचना १६

२.२.५.२ भाषा संरचना १७

२.२.६ शैली १८

२.२.६.१ चयन १९

२.२.६.२ अग्रभूमि निर्माण १९

२.२.७ कथानकको परिचय र विकासक्रम २२

२.२.८ पात्र/चरित्रको परिचय र चरित्र चित्रणका शैलीवैज्ञानिक आधारहरू २५

## अध्याय तीन

## अध्ययन विधि र प्रक्रिया

३.१ सामग्री सङ्कलनका स्रोतहरू २८

३.१.१ प्राथमिक स्रोत २८

३.१.२ द्वितीयक स्रोत २८

३.२ व्याख्या तथा विश्लेषण २९

३.३ शोधपत्रको रूपरेखा २९

## अध्याय चार

## कथानकका आधारमा अप्रिल फूल उपन्यासको विश्लेषण

४.१ अप्रिल फूल उपन्यासको कथानक संरचना र विकासक्रम घज्ञ

४.२ अप्रिल फूल उपन्यासको परिच्छेदगत विभाजन र कथानक घद्द

४.३ अप्रिल फूल उपन्यासको कथानक विश्लेषण द्धघ

## अध्याय पाँच

## अप्रिल फुल उपन्यासका पात्रहरूको विश्लेषण

५.१ अप्रिल फुल उपन्यासका पात्रहरूको शैलीवैज्ञानिक विश्लेषण द्धठ

## अध्याय छ

## अग्रभूमि निर्माण (विचलन र समानान्तरता) का आधारमा उपन्यासको विश्लेषण

६.१ परिचय छढ

६.२ विचलन छढ

६.२.१ कोशीय विचलन छढ

६.२.२ व्याकरणिक विचलन टण

६.२.३ भाषिकागत विचलन टज्ञ

६.२.४ प्रयुक्तिगत विचलन टद्द

६.२.५ सादृश्य विचलन टद्द

६.२.६ अर्थतात्विक विचलन टघ

६.३ समानान्तरताको आधारमा उपन्यासको विश्लेषण टद्ध

६.३.१ बाह्य समानान्तरता टद्ध

६.३.२ आन्तरिक समानान्तरता टछ

## अध्याय सात

## सारांश, निष्कर्ष र उपयोगिता


७.१ सारांश ६७

७.२ निष्कर्ष ६९

७.३ उपयोगिता ७१

७.३.१ नीतिगत तह ७१

७.३.२ प्रयोगगत तह ७२

**सन्दर्भसामग्री सूची** ७३

**व्यक्तिवृत्त**